आज मिति २०७८/०१/१७ गते शुक्रबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| जि. जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## आमन्त्रित

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

प्रमुख प्रशासकीय अधिकृत श्री विसक सेन ढकाल, कमलामाई नगरपालिका, सिन्धुली ।

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

## निर्णयहरुः

१. गृह मन्त्रालयको चलानी नं. ३११९ मिति २०७८/०१/१५ गतेको पत्र मार्फत राष्ट्रिय परिचयपत्र दर्ता अभियानमा खटिएका विवरण दर्ता अपरेटरहरु प्रत्यक्ष रुपमा व्यक्तिको सम्पर्कमा रही कार्य गर्नु पर्ने भएकोले कोभिड-१९ विरुद्धको भ्याक्सिन लगाउने व्यवस्था गर्नु हुन भनि अनुरोध भई आएकोले निजहरुलाई भ्याक्सिन लगाउने व्यवस्था गर्न जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीलाई अनुरोध गर्ने ।

२. कोभिड-१९ को संक्रमण यस जिल्लामा बढ्न नदिन यसै जिल्लाको सीमाना चुरेमा एक स्वास्थ्य सहायता कक्ष (Health Help Desk) स्थापना गर्ने योजना बनाउन जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्य कार्यालय, कमलामाई नगरपालिका बाट १/१ जना रहने गरी समिति बनाई उक्त समितिमा रहने व्यक्तिहरुको नाम आजै (DCCMC) जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने र उक्त समितिले ५ दिन भित्र योजना बनाउने।

३. कोभिड-१९ पोजेटिभ देखिएका व्यक्तिहरुको सम्पर्कमा आएका अन्य व्यक्तिहरुको Contract Tracing बढाउने ।

४. साप्ताहिक रुपमा लाग्ने हाटबजार अर्को सूचना सूचना नभएसम्मको लागि बन्द गर्न स्थानीय तहलाई अनुरोध गर्ने साथै धुनियाँ टोलीलाई आवत जावत गर्न बन्द गर्ने।

५. स्थानीय तहका विद्यालयहरुमा कार्यरत स्कुल हेल्थ नर्सहरु मध्ये प्रत्यक पालिकाहरुबाट १/१ जना लाई सिन्धुली अस्पतालमा काजमा खटाउने, कमलामाई नगरपालिकाको हकमा तीनवटै विद्यालयका सबै स्कुल हेल्थ नर्सलाई अस्पतालमा काजमा खटाउने ।

६. कोभिड-१९ को संक्रमण दर बढ्दै गएकोले पार्टी प्यालेसहरु जिल्ला प्रशासन कार्यालयबाट स्विकृति लिएर मात्र संचालन गर्ने ।

७. विदेश र बाहिर जिल्लाबाट आउने व्यक्तिहरुले अनिवार्य रुपमा १० दिन होम क्वारेन्टिनमा बस्नु पर्ने ।

(DYSP) २०७८/१/१६